# गन्यापधुरा गाउँपालिका

## गणेशपुर, डडेल्धुरा

# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०७५।७६

२०७५ साल असार १० गते

गन्यापधुरा गाउँपालिकाको गाउँसभामा २०७५ साल असार १० गते आईतवार

गन्यापधुरा गाउँपालिकाका उपाध्यक्ष श्री कमलादेवी ठगुन्नाले

प्रस्तुत गर्नुभएको

# आ.व. २०७५।०७६ को

# वार्षिक नीति तथा कार्यक्रम


गन्यापधुरा गाउँपालिका, डडेल्धुरा

२०७५

www.ganyapadhuramun.gov.np

आदरणीय अध्यक्ष महोदय

गाउँसभाका सदस्य ज्यूहरु,

नेपालको संविधानले नेपालको शासकीय अधिकार केन्द्र, प्रदेश र स्थानीय तहमा रहने व्यवस्था गरे बमोजिम स्थानीय सरकारको रुपमा रहेको गन्यापधुरा गाउँपालिकाको आ.व. ०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा पेश गर्न पाउदा म निकै हर्ष विभोर भएको छु । वि.सं. २००७ साल देखि हाल सम्मका आन्दोलनहरुबाट देशमा लोकतन्त्र, गणतन्त्र र संघीयता स्थापनाको लागि आफ्नो प्राणोत्सर्ग गर्ने सम्पुर्ण ज्ञात अज्ञात सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु व्यक्तिहरुलाई स्मरण र नमन गर्न चाहन्छु । जनताको सवै भन्दा नजिकको सरकारको रुपमा रहेको गाउँपालिकाको काँधमा धेरै चुनौतीहरु रहेका छन । जनताका असिमित आकांक्षाहरुको सिमित स्रोत साधनको मितव्यी प्रयोगबाट परिपूर्ति गरी जनतालाई सरकार भएको अनुभुति दिलाउने जिम्मेवारी  हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । नेपालको संविधानले अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहलाई प्रदान गरेको हुँदा हामीले स्वअनुशाषित, स्वमुल्यांकन गरी जनतालाई संघीय शासन व्यवस्थाको सुखद अनुभुति दिलाउनु हाम्रो उद्येश्य हुन आएको छ ।

आदरणीय अध्यक्ष महोदय,

अव म यस गन्यापधुरा गाउँपालिकाको  आ.व.२०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम गाउँसभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१.**"लोकतान्त्रिक गन्यापधुरा सरकार, सम्पुर्ण जनताको भरोसाको आधार"** स्थानीय सरकारको रुपमा निर्वाचित भएको गन्यापधुरा गाउँपालिकाले यस क्षेत्र भित्र सवै किसिम भेदभावको अन्त्य गर्दै सम्पुर्ण जनतालाई सम्मान पूर्वक बाच्न पाउने प्रत्येक व्यक्तिको मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ । गाउँपालिका क्षेत्र भित्रका महिला, गरिव, अति विपन्न समुदाय, दलित, अपांग, अल्पसंख्यक, आर्थिक, सामाजिक, वर्गिय, लिंगिय, जातिय रुपमा पछि परेका समुदायको अभिभावकको रुपमा उनिहरुको क्षमता विकास र पहिचान स्थापित गर्न आवश्यक पहल गरिनेछ । अवका दिनमा  स्थानीय सरकारले यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुति गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको  गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिएको छ ।

२. कुनै पनि क्षेत्रको विकाशको लागि त्यस क्षेत्रका जनताको रोजगारी र आय आर्जनमा बढोत्तरी हुनु पर्दछ । यस गन्यापधुरा गाउँपालिकाको विकाशको लागि कृषि क्षेत्रको आधुनिकीकरण र विविधिकरण गरी जनताको आयमा वृद्धी गर्ने नीति गाउँपालिकाले लिनेछ । यसको लागि यस क्षेत्रका जनतालाई परम्परागत कृषि प्रणालीको सट्टा आधुनिक कृषि प्रणाली तर्फ अग्रसर गराई नगदेवाली उत्पादन गर्ने तर्फ आकर्षित गरिने छ । यसको लागि यस क्षेत्रको भौगोलिक अवस्थालाई ध्यान दिई उच्च चिसो भुभागमा स्याउ, ओखर जस्ता चिसो भुभागमा फल्ने फलफूल खेती, जडिबुटी खेती, पशुपालनमा जोड दिइनेछ, मध्य भूभागमा फलफुल खेती एवं वेशी फाँटहरुमा तरकारी उत्पादनमा जोड दिई कृषि विज्ञहरुको सल्लाह र सुझाव अनुरुप जनताको जीवन स्तरमा सुधार ल्याउने नीति लिईनेछ । यसका लागि पशुहरुको नश्ल सुधार गर्ने नीति लिई दुग्धजन्य पदार्थ उत्पादनमा बढोत्तरी, माछा पालन तर्फ आकर्षित गरी कृषकहरुको आय आर्जनमा वृद्धि गर्ने लक्ष गाउँपालिकाको रहेकोछ ।

३. कुनै पनि क्षेत्रमा आवत जावत सुविधाको लागि एवं उत्पादित मालवस्तु निर्यात तथा आवश्यक पर्ने मालवस्तु आयात गर्न यातयातको भरपर्दो सुविधा हुनु पर्ने हुन्छ । गन्यापधुरा गाउँपालिकामा केही भुभाग पक्की सडकले छोएको भएता पनि गाउँपालिका सदरमुकाम एवं धेरै जसो भुभाग कच्ची र धुलाम्य सडक रहेको हुदा अवका

दिनमा सडकहरुको स्तरोन्नती गरी सवै मौसममा निर्वाध रुपमा यातायात संचालन गर्ने लक्ष्य राखेको छ, यसको लागि गाउँपालिकाले आफ्नो तर्फबाट गर्ने काम गर्दै प्रदेश र केन्द्र सरकार संग थप सहयोगको लागि अनुरोध गरी अगामी दिनमा गाउँपालिका क्षेत्र भित्रका ग्रामिण सडकहरुको स्तरोन्नती गरी  जनताको जीवनस्तरमा सहजता ल्याउने नीति लिईने छ । यसका साथै निर्वाध यातायात संचालनको लागि गाउँपालिकाको विभिन्न क्षेत्रमा आवश्यक पर्ने पक्की पुल निर्माणका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने एवं झोलुंगे पुल निर्माणको लागि पनि आवश्यक पहलकदमी लिईनेछ ।

४. गन्यापधुरा गाउँपालिका क्षेत्र भित्र जनताको जिउ धनको सुरक्षा गर्ने, प्राकृतिक विपत्ती, आकस्मिक कार्य, सार्वजनिक सम्पत्तीको संरक्षण  एवं जनतालाई विधिको शासनको अनुभुती दिलाउन आवश्यक व्यवस्था गरिनेछ । यसका लागि गाउँपालिका क्षेत्र भित्र स्थायी प्रहरी चौकीको व्यवस्थाको लागि विशेष पहल गरिनेछ भने प्राकृतिक विपत्ती लगायतका आकस्मिक कार्यको लागि विपद पूर्व तयारी, विपदको व्यवस्थापनको लागि आवशयक सामग्रीको व्यवस्था लगायतका आकस्मिक कार्यको लागि आकस्कि कोषको व्यवस्था गरी आकस्मिक परिस्थितिको सामनाको लागि **गाउँपालिका र जनता संग सगै** को मुल सिद्धान्त बमोजिम काम गर्ने नीति लिईनेछ ।

५. गन्यापधुरा गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य चौकीको अवस्था सन्तोषजनक रहेको छैन, यस क्षेत्र भित्र साविकका ४ वटा गा.वि.स.मा चार वटा स्वास्थ्य चौकीहरु रहेता पनि भौतिक सुविधाको हिसावले हेर्दा कुनै पनि स्वास्थ्य चौकीहरु सुविधा सम्पन्न छैनन् । जनताको जीवनमा प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्य सेवा उपलव्ध गराउन स्थानीय सरकारले कुनै पनि कसर बाँकी राख्ने छैन । यसका लागि गाउँपालिका केन्द्रमा एउटा सुविधा सम्मपन्न ल्याव स्थापना गर्ने, जनतामा स्वास्थ्य सचेतनाका कार्यक्रम संचालन गर्ने, किशोर किशोरीहरुलाई स्वास्थ्य प्रति सचेत गराउने तथा प्रत्येक वडामा आधारभुत सुविधा सहितका  स्वास्थ्य चौकी स्थापना गर्न नेपाल सरकार र प्रदेश सरकारको नीतिको परिधि भित्र रही विशेष पहल गरिनेछ ।

६. **"समृद्ध गन्यापधुरा, सुखी गन्यापधुरा"** गाउँपालिकाको दीर्घकालिन लक्ष्य भएकोले यो लक्ष्य प्राप्तिको लागि गाउँपालिका क्षेत्रभित्र रहेको वेरोजगारी समस्या सामाधान गर्न विशेष प्राथमिकता दिइनेछ । यसको लागि यस क्षेत्र भित्रका विद्यालयहरुमा क्रमश: प्राविधिक शिक्षामा जोड दिई भावी पिढींलाई रोजगार बन्न प्रेरित गरिनेछ भने शिक्षित युवा वर्गलाई लोक सेवा आयोग लगायत अन्य प्रतिष्पर्धात्मक परीक्षा तयारीका लागि उत्प्रेरित गर्ने नीति अवलम्वन गरिनेछ । स्थानीय स्तरमा उपलव्ध स्रोत साधनलाई अधिकतम परिचालन गरी परम्परागत सीप र ज्ञानको जगेर्ना गर्दै त्यसलाई आधुनिकीकरण गरी जनतलाई स्वरोजगार बनाउने नीति गाउँपालिकाको रहेको छ । यस क्षेत्रका जनताको माग र व्यक्तिको क्षमताअनुसार काम गर्ने वातावरण तयार गरी गाउँगाउँमा रोजगार सृजना गर्ने वातावरण तयार गरिनेछ ।

७. यस क्षेत्र भित्रको प्राकृतिक  रमणियताको भरपुर उपयोग गरी आन्तरिक तथा वाह्य पर्यटकहरु आर्षण गर्ने नीति अवलम्वन गरिनेछ । यस क्षेत्रका जनताको आस्थाको केन्द्र विन्दुको रुपमा रहेका गन्याप, असिग्राम, मष्टामाण्डौं, कैलपालमाण्डौं लगायतका पवित्र धार्मिकस्थलहरुको विकास, संरक्षण गर्ने नीति गाउँपालिकाको रहेको छ । यसका साथै गन्यापताल क्षेत्रलाई मिनि खप्तड क्षेत्रको रुपमा विकास गर्ने तथा गाउँपालिका भित्र पर्यटन व्यवसाय गर्न चाहाने व्यक्तिलाई करमा विशेष छुट दिईने नीति लिईनेछ । गाउँपालिका भित्र रहेका अन्य पर्यटकिय क्षेत्रको पहिचान, सुधार, संरक्षण र  महत्व वारे आम जनतामा प्रचार प्रसार गरी भविष्यमा आन्तरिक एवं वाह्य पर्यटकहरु आकर्षित गरी गाउँपालिकाको भरपर्दो राजश्वको श्रोतको रुपमा विकाश गरिनुका साथै यस क्षेत्रलाई प्रकृतिको सुन्दर वगैंचाको रुपमा विकाश गरिनेछ ।

८. गन्यापधुरा गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउन र हरियाली प्रवद्धन गर्न विशेष पहल गरिनेछ । पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउन नेपाल सरकारले तोकेका सूचकहरु पुरा गर्न प्राथमिता दिई काम कारवाही अगाडी बढाईने छ । त्यसै गरी  गाउँपालिका क्षेत्र भित्र हरियाली प्रवर्द्धन गर्न टोल टोलमा जनचेतना अभिवृद्धि गरी सरोकारवाला निकायहरु संग सहयोग र समन्वय गर्दै आम जनतालाई वृक्षारोपण गर्न प्रोत्साहित गरिनेछ । गाउँपालिका क्षेत्र भित्र कुन ठाउमा कुन किसिमको वन जंगल उपयुक्त हुन्छ सम्वन्धित क्षेत्रका विज्ञहरु संग सरसल्लाह गरी सोही अनुरुप कार्यक्रम अगाडी बढाईने छ । गाउँपालिका क्षेत्र भित्र कही कतै पनि नांगा डाँडाहरु नदेखिउन यो नैं गाउँपालिकाको प्रमुख ध्येय रहनेछ ।

९. गाउँपालिका क्षेत्र भित्र २१ औं सताव्दी सुहाउदो प्रतिष्पर्धी र गुणस्तरीय शिक्षाको विकाशको लागि गाउँपालिकाले अगामी आ.व.मा गाउँ शिक्षा योजना तर्जुमा गरी अग्रसरता लिनेछ । यसका लागि गाउँपालिका भित्रका विद्ययालयहरुमा क्रमसः प्राविधिक शिक्षा लागु गर्दै जाने, अभिभावकहरुलाई शिक्षाको महत्व वारेमा चेतना अभिवृद्धि गर्ने, शिक्षक तथा कर्मचारीहरुलाई  समय सापेक्ष क्षमता विकासका कार्यक्रमहरुको व्यवस्था गर्ने, शिक्षकहरुको आचारसंहिता बनाई लागु गर्ने, शिक्षकहरुलाई राजनीति प्रति होईन अध्यापन प्रति केन्द्रित हुने वातावरण तयार गरी शिक्षकहरुलाई अझै सक्षम र प्रतिष्पर्धी, स्वअनुशाषित, स्वमुल्यांकन गर्ने बनाउने, शिक्षकहरुको दरवन्दी व्यवस्थापन गर्ने, गाउँपालिका भित्रका उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी र विद्यार्थीलाई पुरस्कृत गर्ने, तोकिएको संख्यामा विद्यार्थी नभएका विद्यालयलाई मर्ज गर्ने, गाउँपालिकास्तरीय शैक्षिक मेला, प्रतियोगिताहरु आयोजना गर्ने , शिकाई अनुकुल वालमैत्री वातावरण तयार गर्ने नीति लिईनेछ । यस आ.व. देखि गा.पा. भित्रका विद्यालयहरु विच गा.पा. स्तरीय गाउँपालिका अध्यक्ष रनिङ्ग सिल्ड प्रतियोगिता आयोजना गरी खेलाडी प्रतिभाको पहिचान एवं सम्मान गरिनेछ । संघीय र प्रदेश कानून समेत संग मेल खाने गरी विद्यालय शिक्षामा स्थानीय पाठय्यक्रम तर्जुमा तथा कार्यान्वय गरिनेछ ।

१०. गाउँपालिका क्षेत्र भित्र परम्परागत रुपमा रहेका अन्धविश्वास, कुरितीको रुपमा रहेका  छुवाछुत, छाउपडी प्रथा, बोक्सोबोक्सी जस्ता कुप्रथाहरुलाई हटाई सभ्य समाज निर्माण गर्न विशेष पहलका कार्यक्रमहरु अगाडी बढाईनेछ । यस्ता कुसंस्कारहरुलाई प्रश्रय दिने व्यक्ति वा संस्थालाई दण्ड दिई सम्मानपूर्वक बाच्न पाउने व्यक्तिको हक अधिकारको सुनिश्चित गर्दै मानव अधिकारको संरक्षण र संम्वर्द्धनमा विशेष जोड दिईने नीति गाउँपालिकाले लिएकोछ ।

११. हलिया मुक्तिबाट छुट भएका व्यक्तिहरुको अद्यावधिक पहिचान गराइ आवश्यक सुविधाको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

१२. गाउँपालिका क्षेत्र भित्र अगामी आ.व.मा जनताको मागमा आधारित योजना तथा आयोजनाहरु टोल वस्तीबाटै छनौट गरी प्राथमिकता निर्धारण गरी उपलव्ध स्रोतसाधनलाई जनताको माग बमोजिम उपयुक्त क्षेत्रमा लगानी गर्ने नीति लिईनेछ । यसको लागि गाउँपालिकामा नेपाल सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्था तथा दातृ निकायबाट प्राप्त हुने अनुदान रकम र स्थानीय स्तरबाट संकलन भएको राजश्व रकमलाई समन्यायीक वितरणको सिद्धान्त बमोजिम परिचालन गरिनेछ ।

१३. वर्तमान सूचना प्रविधिको भरपुर उपयोग गर्ने नीति गाउँपालिकाले लिएको छ । गाउँपालिकामा स्थापित सूचना प्रविधि शाखालाई विस्तार गरी प्रत्येक वडाकार्यालयहरुमा ईन्टरनेट जडान गरी गाउँपालिका, प्रदेश एवं केन्द्र सरकार संग जोडेर काम कारवाहीमा ढुलासुस्तीको अन्त गरिनेछ । गाउँपालिका, वडा कार्यालयहरु,

सामुदायिक विद्यालयहरुमा क्रमशः ईहाजिरी जडान गरी समयमा कार्यालयमा हाजिर नहुने, कार्यालय छोड्ने प्रवृतिको अन्त गरी जनतालाई समयमा सेवा सुविधा उपलव्ध गराउने वातावरणको सृजना गरिनेछ । गाउँपालिकाका कामकारवाही नियमित रुपमा गाउँपालिकाको वेभसाईटमा अपडेट गर्ने तथा गाउँपालिकाको मोवाईल एप निर्माण गरी **“हत्केलामा गाउँपालिका”** भन्ने नाराका साथ सवै जनताले आफ्नै घरमा गाउँपालिकाका गतिविधि वारे जानकारी हुने वातावरण सृजना गरिनेछ ।

१४. गाउँपालिका क्षेत्र भित्र कार्यक्षेत्र भएका सहकारी संस्थाको प्रभावकारी अनुगमन गरी सहकारीका सिद्धान्त, मुल्य मान्यता, आदर्श बमोजिम संचालन हुने वातावरण तयार गरिनेछ । सहकारीको नाममा व्यापार गर्ने, जनताको रकमको व्यक्तिगत लाभका लागि दुरुपयोग गर्ने प्रवृतिको अन्त गरिनेछ । सहकारी संस्थाको सुधारको लागि व्यवस्थित अभिलेख प्रणाली लागु गर्ने, सहकारी सम्वन्धी तालिम, छलफल, अन्तक्रिया कार्यक्रम संचालन गरी सहकारीका गतिविधि चुस्त दुरुस्त बनाउन पहल गरिनेछ ।

१५. गाउँपालिका सुशासन कायम गर्नको लागि सुशासनका आधारस्तम्भहरु : सहभागिता, जावाफदेहिता, प्रतिनिधित्व तथा पारदर्शितामा ईमानदारिता साथ जोड दिईनेछ ।

१६. गाउँपालिका क्षेत्र भित्र रहेका वेरोजगार युवायुवतीहरुलाई लक्षित गरी युवा उद्यमशिलता प्रवर्द्धन गर्ने नीति लिईनेछ । गाउँपालिकामा खेलकुद विकासको लागि विशेष व्यवस्था गरिनेछ ।

१७. गाउँपालिका भित्रको खानेपानी समस्या स्थायी रुपमा समाधान गर्न गाउँपालिका प्रतिवद्ध रहेकोछ, यस लागि गाउँपालिकाको स्तरबाट सम्भव हुने सवै तौरतरिका अपनाई खानेपानीको समस्या सामाधान गरिनेछ । खानेपानीका मुहानहरुको संरक्षण गर्ने, वृक्षारोपण गर्ने, वातारणीय ह्रास हुन नदिने, पानीका मुहान संरक्षण वारे जनचेतना अभिवृद्धि गर्ने, पानीको मुहान कम भएका स्थानहरुमा डि टि एच प्रविधिबाट पानी तान्ने कार्यका लागि प्राविधिक जाँच मुल्यांकन गरिने नीति लिईनेछ ।

१८. गाउँपालिकाले अपांगमैत्री वातावरण तयार गर्ने नीति लिनेछ । यसको लागि गाउँपालिका भित्र निर्माण हुने भौतिक संरचनाहरु अपांगमैत्री बनाईनेछन र अपांग लक्षित कार्यक्रमहरु संचालन गरी उनीहरुको क्षमता विकास मार्फत सम्मानित जीवन यापन गर्ने वातावरण तयार गर्न गाउँपालिकाले आवश्यक पहलकदमी लिनेछ ।

१९. गाउँपालिका भित्रका वहुवर्षिय ठुला योजनाहरु गाउँपालिका गौरवका योजना निर्धारण गरी कार्यान्वयनमा लैजाने नीति लिईनेछ ।

२०. गाउँपालिका क्षेत्रभित्र आगामी आ.व. देखि मदिरा तथा सुर्तीजन्य पदार्थ विक्री वितरणलाई व्यवस्थित बनाउने नीति अवलम्बन गरिनेछ र नया अनुमतिपत्र दिने कार्यमा बन्देज गरिनेछ ।

२१. कुनै पनि काम गर्न कुनै एक्लो व्यक्ति वा संस्थाको प्रयास मात्र प्रयाप्त हुदैन यसको लागि सरोकारवाला सवैको सहयोग, साथ र समन्वयको आवश्यक्ता पर्दछ । गन्यापधुरा गाउँपालिकाको अगामी आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रमलाई मुर्तरुप दिन यस क्षेत्रबाट निर्वाचित सम्पुर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारीवर्ग तथा आम गन्यापधुरा गाउँपालिकावासी दाजुभाई दिदी बहिनीहरुको सहयोग र साथ रहने अपेक्षा सहित विदा हुन्छु । धन्यवाद ।